# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (सुदूरपश्चिम प्रदेश)

## वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७७/७८)




# नेपाल राष्ट्र बैंक
## धनगढी कार्यालय

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत रहेका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम, बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लागत रुपमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आ.व. २०७७/७८ को सुदूरपश्चिम प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराइ महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सुदूरपश्चिम प्रदेशमा अवस्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान तथा सरोकारवाला तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने अनुसन्धान इकाईका उपनिर्देशक श्री मधुसूधन दवाडी, सहायक निर्देशकद्वय श्री झकेन्द्र बहादुर शाही र श्री तुलसा ओझा, प्रधान सहायक श्री निरज पाण्डेय तथा सहायक श्री महेश प्रसाद भट्टलाई धन्यवाद दिन चाहन्छु ।

शुभाष चन्द्र घिमिरे

निर्देशक

नेपाल राष्ट्र बैंक, धनगढी

# विषयसूची


सारांश vi

परिच्छेद १: कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति १

१.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा १

१.२ अन्तर प्रदेश तुलना २

१.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना ३

परिच्छेद २: कृषि क्षेत्र ५

२.१ कृषि उपजले ढाकेको भू क्षेत्र ५

२.२ कृषि उत्पादन ६

२.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन ८

२.४ सिंचाई ९

२.६ सहुलियतपूर्ण कर्जा १०

२.७ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु ११

परिच्छेद ३: उद्योग क्षेत्र १३

३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी १३

३.२ क्षेत्रगत औद्योगिक कर्जा १३

३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १५

परिच्छेद ४: सेवा क्षेत्र १६

४.१ पर्यटन १६

४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट १७

४.३ वित्तीय सेवा १७

४.४ यातायात तथा सञ्चार २१

४.५ शिक्षा तथा स्वास्थ्य २१

४.६ सेवा क्षेत्र कर्जा २२

४.८ सेवा क्षेत्रको चुनौती र सम्भावना २३

परिच्छेद ५: पूर्वाधार र रोजगारी २६

५.१ पूर्वाधार क्षेत्र २६

५.२ वैदेशिक रोजगारी २८

५.४ प्रत्यक्ष वैदेशिक लगानी २९

५.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना २९

परिच्छेद ६: आर्थिक परिदृष्य ३१

६.१ कृषि उत्पादन ३१

६.२ औद्योगिक उत्पादन ३१

६.३ सेवा क्षेत्र ३१

६.४ पूर्वाधार क्षेत्र ३१

# रेखाचित्रको सूची


| रेखाचित्र नं. | शिर्षक |
|---|---|
| रेखाचित्र २.१ | प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल |
| रेखाचित्र २.२ | प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति |
| रेखाचित्र २.३ | सिंचाई सुविधामा भएको विस्तार |
| रेखाचित्र २.४ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था |
| रेखाचित्र २.५ | सहुलियतपूर्ण कर्जा प्रवाहको स्थिति |
| रेखाचित्र ३.१ | उद्योगको क्षमता उपयोगको अवस्था |
| रेखाचित्र ३.२ | औद्योगिक कर्जा प्रवाह |
| रेखाचित्र ४.१ | निक्षेप तथा कर्जा |
| रेखाचित्र ४.२ | स्थानीय तहमा विस्तार भएका शाखाको निक्षेप र कर्जाको जिल्लागत अवस्था (रु. करोडमा) |
| रेखाचित्र ४.३ | सेवा क्षेत्र कर्जा प्रवाह |
| रेखाचित्र ५.१ | जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या |


# तालिकाको सूची


| **तालिका नं.** | **शिर्षक** |
|---|---|
| तालिका १.१ | प्रचलित मूल्यमा औद्योगिक वर्गीकरण अनुसारको कुल गार्हस्थ्य उत्पादन |
| तालिका १.२ | प्रादेशिक आर्थिक परिसूचकहरु |
| तालिका २.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र |
| तालिका २.२ | कृषि बालिको उत्पादन |
| तालिका २.३ | प्रमुख पशुपंक्षीजन्य उत्पादन |
| तालिका २.४ | कृषि कर्जाको प्रवाहको अवस्था |
| तालिका ३.१ | औद्योगिक कर्जाको प्रवाहको अवस्था |
| तालिका ३.२ | औद्योगिक कर्जा प्रवाह |
| तालिका ४.१ | नमूना रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण |
| तालिका ४.२ | सार्वजनिक निर्माण तथा रियल स्टेट |
| तालिका ४.३ | बैंक तथा वित्तीय संस्थाका शाखा संख्या |
| तालिका ४.४ | जिल्लागत निक्षेप तथा कर्जा प्रवाहको अवस्था |
| तालिका ४.५ | नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको निक्षेप तथा कर्जाको प्रवाहको अवस्था |
| तालिका ४.६ | यातायात साधनको संख्या |
| तालिका ४.७ | सञ्चार सुविधा |
| तालिका ४.८ | सेवा क्षेत्र कर्जा प्रवाहको अवस्था |
| तालिका ५.१ | रोजगारीको स्थिति |

# बक्सको सूची



| बक्स नं. | शिर्षक |
|---|---|
| बक्स १ | पर्यटन क्षेत्रको वस्तु स्थिति |
| बक्स २ | छनौटमा परेका १० वटा सहकारीहरुको कुल पुँजी, निक्षेप तथा कर्जा प्रवाहको स्थिति |
| बक्स ३ | तोकिएका स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार तथा वित्तीय सेवाको अवस्था |
| बक्स ४ | थलारा गाउँपालिकामा वाणिज्य बैंकको शाखा विस्तार-अवस्था विश्लेषण |

# सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका नौ जिल्लाहरुको स्थलगत तथा गैरस्थलगतरुपमा अध्ययन गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७७/७८ को आर्थिक गतिविधि सम्बन्धी वार्षिक अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

१. समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ०.१८ प्रतिशतले वृद्धि भएको छ भने यस्ता बालीको उत्पादन ७.२६ प्रतिशतले बढेको छ ।

२. समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सवैभन्दा बढी आलुको उत्पादन १७.६९ प्रतिशतले वृद्धि भएको छ भने तेलहन उत्पादन १३.४६ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, समीक्षा वर्षमा तरकारी उत्पादन २३.८२ प्रतिशत तथा फलफूल तथा मसलाको उत्पादन ४.८५ प्रतिशतले बढेको छ ।

३. समीक्षा वर्षमा पशुजन्य उत्पादन अन्तर्गत दूध ६.४८ प्रतिशत, मासु ०.७५ प्रतिशत, अण्डा १.३० प्रतिशतले बढेको छ ।

४. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको ९.६५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

## उद्योग

५. समीक्षा वर्षमा यस अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४७.२७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४४.५० प्रतिशत रहेको थियो ।

६. समीक्षा वर्षमा औद्योगिक उत्पादनमध्ये तोरीको तेल, दूध, चामल र ईटाको उत्पादनमा वृद्धि भएको छ भने अन्य वस्तुहरूको उत्पादनमा ह्रास आएको छ ।

७. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको २१.४ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा वर्षमा यस प्रदेशमा ठूलो लगानीका नयाँ होटलहरु सञ्चालनमा नआएतापनि कतिपय जिल्लामा केही होटलहरु पूर्ण रुपमा बन्द भएका कारण समग्रमा पर्यटकस्तरीय होटल तथा लज संख्यामा ४.४ प्रतिशतले र शैया संख्यामा १.२ प्रतिशतले ह्रास आएको छ ।

९. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ११.७५ प्रतिशतले वृद्धि भएको छ भने रजिष्ट्रेशनबापतको राजस्व १६१.३५ प्रतिशतले वृद्धि भएको छ ।

१०. बैंक तथा वित्तीय संस्थाको २०७८ असार मसान्तसम्मको निक्षेप २०७७ असार मसान्तको तुलनामा २०.२ प्रतिशतले र कर्जा प्रवाह ३६.२ प्रतिशतले वृद्धि भएको छ ।

११. समीक्षा वर्षमा यातायात साधन संख्या १८.७ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार

१२. समीक्षा वर्षसम्ममा यस प्रदेशमा विभिन्न जलविद्युत आयोजनाहरुबाट ५२ मे.वा. विद्युत उत्पादन भई राष्ट्रिय प्रशारणमा जोडिएको छ ।

१३. समीक्षा वर्षमा यस प्रदेशको पहाडी जिल्लाहरु मध्ये बैतडी जिल्लामा हवाई सेवा सुचारु भएको छ भने बझाङ, बाजुरा र डोटी जिल्लामा अवरुद्ध हवाई सेवा पुनः सुचारु भएको छ ।

# परिच्छेद १

# कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन २०७७/७८ (Provincial GDP 2077/78) अनुसार आर्थिक वर्ष २०७७/७८ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.२ खर्व ९३ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु.२ खर्ब ७३ अर्ब रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय गार्हस्थ्य उत्पादनमा यस प्रदेशको हिस्सा ७ प्रतिशत रहेको थियो भने आ.व.२०७७/७८ मा यस प्रदेशको योगदान ६.९ प्रतिशत हुने अनुमान रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ०.६० प्रतिशत थियो भने आर्थिक वर्ष २०७७/७८ मा ३.४ प्रतिशत हुने अनुमान रहेको छ । सुदूरपश्चिम प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३५.५ प्रतिशत कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान ०.१ प्रतिशत प्रशासकीय तथा सहयोगी सेवा सम्बन्धी कार्यहरुको रहेको छ ।

**तालिका १.१ : प्रचलित मूल्यमा औद्योगिक वर्गिकरण अनुसारको कुल गार्हस्थ्य उत्पादन* (प्रचलित मूल्यमा)**

**(रु.दश लाखमा)**

| क्र.सं. | औद्योगिक वर्गीकरण | सुदूरपश्चिम प्रदेश | राष्ट्रिय | शिर्षकगत राष्ट्रिय उत्पादनमा अंश | प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा अंश |
|---|---|---|---|---|---|
| १ | कृषि, वन र मत्स्यपालन | ९२,७४१.९० | ९६४,४२९.१९ | ९.६ | ३५.५ |
| २ | खानी तथा उत्खनन | १,४४२.५४ | २१,५३०.५० | ६.७ | ०.६ |
| ३ | उद्योग | १०,३७५.३० | १८९,६५७.४० | ५.५ | ४.० |
| ४ | विद्युत, ग्यांस तथा वाफ र एयर कन्डिसनिङ्ग सप्पाई | २,०००.०१ | ४५,७८२.३६ | ४.४ | ०.८ |
| ५ | पानी वितरण, ढल, फोहोर व्यवस्थापन र सरसफाइ कार्यहरु | १,७७६.२० | २०,४८१.२० | ८.७ | ०.७ |
| ६ | निर्माण | २०,३०३.५० | २११,९९३.७० | ९.६ | ७.८ |
| ७ | थोक तथा खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत | २३,५६३.३० | ५८५,०१३.५० | ४.० | ९.० |
| ८ | यातायात र गोदाम | ७,०९०.३० | २०२,६६२.०० | ३.५ | २.७ |
| ९ | होटल तथा रेष्टुरा | ३,२५८.२० | ५८,१७३.३० | ५.६ | १.२ |
| १० | सूचना तथा संचार | ४,५७७.२० | ८१,००४.५० | ५.७ | १.८ |
| ११ | वित्तीय तथा विमासम्बन्धी कार्यहरु | ६,१८०.४० | २५६,९८३.०८ | २.४ | २.४ |
| १२ | घरजग्गा, भाडा तथा व्यापारिक सेवा कारोबार | ७,४००.८० | ३५२,०६७.७१ | २.१ | २.८ |
| १३ | व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक कार्यहरु | १,२२५.७६ | ३९,७२८.५७ | ३.१ | ०.५ |
| १४ | प्रशासकिय तथा सहयोगी सेवासम्बन्धी कार्यहरु | ३५५.०८ | २८,४०५.४२ | १.३ | ०.१ |
| १५ | सार्वजनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक कार्यहरु | ३६,४७४.११ | २८७,४६८.३९ | १२.७ | १४.० |
| १६ | शिक्षा | ३५,१८२.२३ | ३००,३५७.६८ | ११.७ | १३.५ |
| १७ | मानव स्वास्थ्य र सामाजिक कार्यहरु | ६,१५६.७४ | ६४,६४३.४८ | ९.५ | २.४ |
| १८ | कला, मनोरंजन र नविन कार्य, अन्य सामुदायिक सेवामूलक तथा व्यक्तिगत सेवा क्रियाकलापहरु | १,०६४.९० | २२,८९२.३६ | ४.७ | ०.४ |
| | **कुल गार्हस्थ उत्पादन आधारभूत मूल्यमा** | २६१,१६८.४७ | ३,७३३,२७४.३४ | ७.० | १००.० |
| | **खुद कर उत्पादनमा** | ३२,७४४.०९ | ५३३,०४७.३० | | |
| | **कुल गार्हस्थ उत्पादन, उत्पादकको मूल्यमा** | २९३,९१२.५६ | ४,२६६,३२१.६४ | ६.९ | |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

* प्रारम्भिक अनुमान

## १.२ अन्तर प्रदेश तुलना

### (क) कुल गार्हस्थ्य उत्पादनः

आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.४२ खर्व ६६ अर्ब हुने अनुमान गरिएकोमा ३७.७ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १६ खर्व ७ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिब रु. १ खर्व ७१ अर्ब हुने अनुमाने छ। अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०७७/७८ मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुर्‍याउने प्रदेशहरुमा क्रमशः प्रदेश १, लुम्बिनी प्रदेश, प्रदेश २, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश रहेका छन् ।

### (ख) आर्थिक वृद्धिः

आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ता मूल्यमा) ४ प्रतिशत अनुमान गरिएकोमा बागमती प्रदेशको वृद्धिदर सबैभन्दा बढी ४.७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको वृद्धिदर सबैभन्दा कम ३.४ प्रतिशत रहने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा कर्णाली प्रदेशको वृद्धिदर ०.७ प्रतिशत तथा सुदुरपश्चिम प्रदेशको वृद्धिदर ०.६ प्रतिशत रहेको थियो भने कर्णाली र सुदूरपश्चिम प्रदेशबाहेक अन्य प्रदेशहरुको वृद्धिदर ऋृणात्मक रहेको थियो ।

### (ग) क्षेत्रगत योगदानः

आ.व.२०७७/७८ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सवैभन्दा बढी प्रदेश २ को ३८.३४ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १७.४७ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७७.३८ प्रतिशत रहने अनुमान रहेको छ। प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्रको योगदान ३५.५१ प्रतिशत, उद्योग क्षेत्रको योगदान १३.७४ प्रतिशत र सेवा क्षेत्रको योगदान ५०.७४ प्रतिशत रहने अनुमान छ ।

**तालिका १.२ : प्रादेशिक आर्थिक परिसूचकहरु ***

**(आर्थिक वर्ष २०७७/७८)**

| आर्थिक परिसूचक | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ६६३.६० | ५६१.६६ | १६०७.६६ | ३७२.१६ | ५९५.५७ | १७१.७६ | २९३.९१ | ४२६६.३२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४ | ४ | ६.९ | १०० |
| आर्थिक वृद्धिदर (प्रतिशत) | ३.६ | ३.५ | ४.७ | ३.६ | ३.९ | ३.६ | ३.४ | ४ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.५२ | ११.७७ | ३०.४६ | ११.६५ | १५.९५ | ३.३२ | ७.३३ | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.५९ | ११.०१ | ४६.७४ | ७.७८ | १२.३१ | ३.७५ | ५.८१ | १००. |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३५.१९ | ३८.३४ | ११.७९ | २८.१६ | ३१.८७ | ३३.०१ | ३५.५१ | २५.८३ |
| उद्योग क्षेत्र | १६.१९ | ११.५० | १०.८३ | १७.४७ | १४.८३ | १०.७१ | १३.७५ | १३.११ |
| सेवा क्षेत्र | ४८.६२ | ५०.१६ | ७७.३८ | ५४.३७ | ५३.३० | ५६.२८ | ५०.७४ | ६१.०६ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग ।

* प्रारम्भिक अनुमान

## १.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### १.३.१ प्रादेशिक क्षमता

- कृषिको व्यावसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र कृषिमा आधारित उद्योगहरुको विकासमार्फत कृषिजन्य उत्पादनमा वृद्धि गरी कृषिमा आयात प्रतिस्थापन गर्न सकिनुका साथै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।
- यस प्रदेशसँग सीमा जोडिएको भारतको उत्तर प्रदेश राज्य तथा राजधानी शहर नयाँ दिल्ली यहाँबाट नजिकको दुरीमा पर्ने भएकाले यस क्षेत्रमा उत्पादन हुने तरकारी, फलफूल, मसला, जडिबुटी लगायतका उत्पादन तथा स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरी तुलनात्मक लाभका वस्तुहरु निर्यातगर्न सकिने ।
- सुर्नयागाढ जलविद्युत आयोजना बैतडी, नौगाढ जलविद्युत आयोजना दार्चुला र कालंगा जलविद्युत आयोजना बझाङ्ग जस्ता आयोजनाहरुको निर्माण पश्चात् यस प्रदेशमा विद्युतीय पहुँच अभिवृद्धि भई विद्युतमा आधारित उद्योग विस्तार गर्न सकिने सम्भावना रहेको । साथै, यस प्रदेशमा रहेका सेती, महाकाली, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट जलविद्युत उत्पादन गरी समृद्ध सुदूरपश्चिम प्रदेश निर्माण गर्न सकिने सम्भावना रहेको ।
- प्राकृतिक, साँस्कृतिक एवम् धार्मिक दृष्टिकोणले महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु रहेको यस प्रदेशमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, अपी नाम्पा संरक्षण क्षेत्र, रामारोशन क्षेत्र, बैजनाथ, त्रिपुरा सुन्दरी, उग्रतारा, शैलेश्वरी, बडी मालिका लगायत पुरातात्विक महत्वका गढी, किल्ला, रमणीय ताल, तलैया, झरना, गुफा एवम् नौ वटा जिल्लाको पृथक चाड पर्व, कला संस्कृति झल्कने हुँदा यी स्थलहरुको विकास गरी समग्र पर्यटन क्षेत्रलाई प्रादेशिक अर्थतन्त्रको एक महत्वपूर्ण आधार बनाउन सकिने ।

### १.३.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

- कृषि, जलस्रोत, पर्यटन, जडिबुटी, उद्योग व्यवसाय लगायतका क्षेत्रको आधुनिकीकरण, विकास, विस्तार एवम् सुदृढीकरण गरी आत्मनिर्भरता बढाई समृद्ध सुदूरपश्चिम प्रदेश निर्माण गर्ने ।
- गरिबी, खाद्य असुरक्षा, दक्ष जनशक्तिको अभाव, शैक्षिक एवम् रोजगारीमुलक क्षेत्रमा लगानीको कमी, अपर्याप्त स्वास्थ्य पूर्वाधार लगायतका समस्याहरु सम्बोधन गर्दै समृद्धि हासिल गर्ने ।
- भौगोलिक विकटताकाबीच वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिबृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्ने ।
- प्रदेशको राजश्व संकलन गर्ने क्षमता न्यून रहेको अवस्थामा प्रदेशको स्रोत साधनको उपलव्धताबीचको खाडल पूर्ति गर्ने ।
- प्रदेशमा आर्थिक र सामाजिक पूर्वाधारको विकास गर्नका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित तथा प्रोत्साहन गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहको सम्बन्धलाई थप प्रभावकारी बनाउँदै वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा तीव्रता ल्याउने ।
- कोभिड महामारीले कृषि, उद्योग, पर्यटन, यातायात, व्यापार व्यवसाय लगायतका क्षेत्रमा पारेको प्रभावका कारण गम्भीर रुपमा प्रभावित प्रादेशिक उत्पादन र वितरण प्रणाली, विकास आयोजना तथा अन्य योजनाहरुलाई नेपाल सरकार तथा स्थानीय निकायसँग समन्वय गरी पुनः गतिशील बनाई तय गरिएका लक्ष्य हासिल गर्ने ।
- प्रदेशभित्र दक्ष जनशक्तिको अभाव रहेको अवस्थामा रोजगारीका लागि भारत जानुपर्ने अवस्थाको अन्त्य गर्न दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक संरचना निर्माण गर्ने ।

### १.३.३ सुदूरपश्चिम प्रदेशका सम्भावनाहरु

- यस प्रदेशको तराई तथा भित्री मधेशमा धान, गहुँ तथा अन्य नगदे बाली र पहाडी तथा उच्च पहाडी क्षेत्रमा मकै, भटमास, कोदो, फापर जस्ता बालीको उत्पादनलाई व्यावसायीकरण गर्नुका साथै बाख्रा पालन र कुखुरा पालन लगायतका व्यवसायलाई थप प्रवर्द्धन गर्न सकिएमा कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन सकिने ।
- दार्चुला, बझाङ र बाजुरा जिल्लामा कृषिको विकासका लागि मकै जोन, आलु जोन, स्याउ जोन, ओखर र सुन्तला जोनका रूपमा कृषि एवम् फलफूल खेतीमा केही लगानी समेत भएको अवस्थामा मौसमी फलफूल खेतीको लागि उपयुक्त रहेको उक्त जिल्लाहरुमा व्यवसायीक उत्पादनलाई प्रवर्द्धन, बजारीकरण तथा लघु प्रशोधन केन्द्र स्थापना गरी फलफूलको आयातलाई केही हदसम्म भए पनि प्रतिस्थापन गर्न सकिने तथा व्यवस्थित तरकारी विकास कार्यक्रम सञ्चालनमार्फत प्रदेशलाई तरकारीमा आत्मनिर्भर बनाउन सकिने ।
- यस प्रदेशमा पाइने विभिन्न जडीवुटी तथा सम्भावना वोकेका अन्य क्षेत्र तथा व्यवसायिक रुपमा कृषि गर्न चाहने कृषकहरुका लागि कफि, अलैची, पुष्प व्यवसाय लगायत अन्य उत्पादनमुलक उद्योगहरु स्थापना गरी राजश्व वृद्धि तथा समग्र आर्थिक विकास गर्न सकिने । साथै, "नमूना कृषि गाउँ, आफै बनाउँ ", "एक घर एक तालिम प्राप्त व्यक्ति", "नमूना लिफ्ट सिचाईं आयोजना" जस्ता अभियानले प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गर्न सकिने ।
- स्थानीय सीप, स्रोत, साधन तथा पहिचानमा आधारित लघु, साना तथा घरेलु मझौला उद्योग र उत्पादनको बजार प्रवर्द्धन गरी प्रदेशमा पर्याप्त रोजगारी सिर्जना गर्न सकिने ।
- जनसंख्याको अनुपातमा कर्जा लगानी न्यून रहेकाले कर्जा परिचालन  बढाई आर्थिक गतिविधि बढाउनुका साथै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।
- प्रदेशभित्रका महत्वपूर्ण पर्यटन पूर्वाधार विकास, आवश्यक प्रचार प्रसार, पर्यटन व्यवसायीहरुलाई तालिम, पर्यटक सहायता कक्ष स्थापना आदि मार्फत पर्यटन प्रवर्द्धन गर्दै वातावरण मैत्री पर्यटकीय कार्यक्रमहरु (Eco-Tourism, Rural-Tourism & Adventure-Tourism) बाट दिगो पर्यटकीय विकासका साथै समग्र आर्थिक विकास गर्न सकिने ।
- धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण एवम् संवर्द्धनमार्फत धार्मिक पर्यटनलाई विकास र विस्तार गर्दै रोजगारी सिर्जना गर्न सकिने ।


# परिच्छेद २

# कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू क्षेत्र

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ०.१८ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ३.१८ प्रतिशतले वृद्धि भएको थियो।

**२.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.०४ प्रतिशतले ह्रास आएको छ। गत वर्ष  यस्तो क्षेत्रफल४.४० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा आलुले ढाकेको क्षेत्रफल १४.१७ प्रतिशत, फापरको क्षेत्रफल १२.१२ प्रतिशत, भटमासको क्षेत्रफल ९.३७ प्रतिशत, उखुको क्षेत्रफल ०.८८ प्रतिशत, गहुँको क्षेत्रफल ०.७२ प्रतिशत र कोदोको क्षेत्रफल ०.५१ प्रतिशतले वृद्धि भएको छ भने जौंले ढाकेको क्षेत्रफल ५.६४ प्रतिशत, दलहनको क्षेत्रफल २.४४ प्रतिशत, तेलहनको क्षेत्रफल १.८७ प्रतिशत, धानको क्षेत्रफल १.१६ प्रतिशत र मकैको क्षेत्रफलमा ०.६१ प्रतिशतले ह्रास आएको छ।




*स्रोत:कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

**२.१.२ तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ४.९४ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल १७.६९ प्रतिशतले ह्रास आएको थियो।

**२.१.३ फलफूल तथा मसला:** समीक्षा वर्षमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ०.५२ प्रतिशतले वृद्धि भएको छ। गत आ.व.मा यस्तो क्षेत्रफल १.९१ प्रतिशतले वृद्धि भएको थियो।

| तालिका २.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र | | | | | | |
|---|---|---|---|---|---|---|
| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | २१४०७ | १२३० | ९७३ | ४.३२ | ५.३७ | ५.१४ |
| बैतडी | ४७१९७ | १०२० | १७१९ | ९.५३ | ४.४५ | ९.०८ |
| डडेलधुरा | २२७४२ | १३८५ | १४७६ | ४.५९ | ६.०५ | ७.८० |
| कञ्चनपुर | १०७९०१ | ४७५० | १७४५ | २१.७८ | २०.७३ | ९.२२ |
| बझाङ | ३०२४९ | ५५० | ११३० | ६.११ | २.४० | ५.९७ |
| बाजुरा | १९४५५ | ९२५ | १५८३ | ३.९३ | ४.०४ | ८.३६ |
| डोटी | ३८६४६ | २०३४ | २५७७ | ७.८० | ८.८८ | १३.६२ |
| अछाम | ४४४४१ | ६९८ | ६८७.५ | ८.९७ | ३.०५ | ३.६३ |
| कैलाली | १६३३१८ | १०३१९ | ७०३६ | ३२.९७ | ४५.०४ | ३७.१८ |
| **जम्मा** | **४९५३५६** | **२२९११** | **१८९२७** | **१००.००** | **१००.००** | **१००.००** |

(स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय)


**जिल्लागत स्थिति :** खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी (३२.९७ प्रतिशत) र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम (३.९३ प्रतिशत) रहेको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी (४५.०४ प्रतिशत) र बझाङ जिल्लाको हिस्सा सबैभन्दा कम ( २.४ प्रतिशत) रहेको छ । यसैगरी, फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी (३७.१८ प्रतिशत) र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम (३.६३ प्रतिशत) रहेको छ **(तालिका २.१)** ।

## २.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन ७.२६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षयस्ता बालीको उत्पादन ०.०१ प्रतिशतले वृद्धि भएको थियो ।

### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ५.२१ प्रतिशतले वृद्धि भएको छ। प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी आलुको उत्पादन १७.६९ प्रतिशतले वृद्धि भएको छ भने तेलहनको उत्पादनमा १३.४६ प्रतिशतले ह्रास आएको छ ।




*स्रोत:कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

जिल्लागत आधारमा कञ्चनपुर, दार्चुला, अछाम, बझाङ, बैतडी, कैलाली र बाजुरा जिल्लामा खाद्य तथा अन्न बालीको उत्पादन वृद्धि भएको छ भने डोटी र डडेलधुरा जिल्लामा ह्रास आएको छ। यस्ता बालीको उत्पादन सबै भन्दा बढी कञ्चनपुर जिल्लामा १०.०५ प्रतिशतले वृद्धि भएको छ भने डडेल्धुरा जिल्लामा २.०४ प्रतिशतले ह्रास आएको छ।

**२.२.२. तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादनमा २३.८२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष तरकारी उत्पादनमा १९.१० प्रतिशतले ह्रास आएको थियो। जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी कैलाली जिल्लामा ६५.०४ प्रतिशतले वृद्धि भएको छ भने डडेल्धुरा जिल्लामा २४.३३ प्रतिशतले ह्रास आएको छ। कैलाली जिल्लामा गत वर्ष डढुवा लगायतका रोगहरुका कारण उत्पादनमा अत्याधिक नोक्सानी भएको तथा यस वर्ष त्यस्ता रोगहरुको प्रकोप नदेखिएकोले उक्त उत्पादनमा उल्लेख्य वृद्धि हुन गएको हो।

**२.२.३. फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादनमा ४.८५ प्रतिशतले वृद्धि भएको छ। यस समूह अन्तर्गत केरा उत्पादन ४२.३४ प्रतिशत र अन्य फलफूल उत्पादनमा १७.९९ प्रतिशतले वृद्धि भएको छ भने आँप उत्पादन ३०.०४ प्रतिशत, सुन्तला उत्पादन ९.४९ प्रतिशत र स्याउ उत्पादनमा १.२१ प्रतिशतले ह्रास आएको छ। समीक्षा वर्षमा मसला उत्पादन ०.३४ प्रतिशतले वृद्धि भएको छ।

समीक्षा वर्षमा जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन सबैभन्दा बढी बझाङ जिल्लामा ८६.४ प्रतिशतले बढेको छ भने डोटी जिल्लामा २०.६६ प्रतिशतले घटेको छ। बझाङ जिल्लामा प्रदेश कृषि विकास कार्यक्रम लागु भएको, स्थानिय तहहरुले जिल्लाका विभिन्न क्षेत्रमा स्याउ तथा ओखर खेती बिस्तार गरेको तथा कृषि ज्ञान केन्द्र बझाङका अनुसार गत आर्थिक वर्षमा सबै स्थानिय तहहरुबाट कृषि क्षेत्रको यथार्थ तथ्याङ्क संकलन भई अभिलेखीकरण गरिएकोले फलफूल तथा मसला उत्पादनमा उल्लेख्य वृद्धि हुन गएको हो।

**तालिका २.२ : कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | ४९४६५ | १३५८२ | ७०३२ | २.७३ | ४.६३ | ४.१२ |
| बैतडी | ८५६८० | ५५५५ | ५९४८ | ४.७३ | १.८९ | ३.४९ |
| डडेलधुरा | ७९४१४ | १८२३२ | १५८१२ | ४.३९ | ६.२१ | ९.२७ |
| कञ्चनपुर | ६८१३५९ | ७३६२५ | १९६३२ | ३७.६४ | २५.०७ | ११.५० |
| बझाङ | ६१०६६ | ८६०० | १०२६३ | ३.३७ | २.९३ | ६.०१ |
| बाजुरा | ४७१३२ | ९५०६ | ७०६३ | २.६० | ३.२४ | ४.१४ |
| डोटी | १०९६४२ | २४९५८ | २४५८३ | ६.०६ | ८.५० | १४.४० |
| अछाम | ९८७९२ | १००९७ | २०४६.९ | ५.४६ | ३.४४ | १.२० |
| कैलाली | ५९७४९४ | १२९५०३ | ७८२८४ | ३३.०१ | ४४.१० | ४५.८७ |
| **जम्मा** | **१८१००४४** | **२९३६५८** | **१७०६६३** | **१००.००** | **१००.००** | **१००.००** |

*(स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय)*

**जिल्लागत स्थिति :** खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (३७.६४ प्रतिशत) र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम (२.६ प्रतिशत) रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी (४४.१० प्रतिशत) र बैतडी जिल्लाको हिस्सा सबैभन्दा कम (१.८९ प्रतिशत)रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४५.८७ प्रतिशत रहेको छ भने अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ **(तालिका २.२)**।

### २.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुपंक्षी उत्पादनः

समीक्षा वर्षमा दूध उत्पादन ६.४८ प्रतिशतले बढेको छ भने गत वर्ष दूध उत्पादन ३.४९ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादन ०.७५ प्रतिशतले बढेको छ भने गत वर्ष ४.६२ प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ कुखुरा तथा हाँसको मासु उत्पादन २.६८ प्रतिशत तथा भैसी/राँगोको मासु उत्पादन १.९३ प्रतिशतले बढेको छ भने खसी/बोका/भेडाको मासु उत्पादन ०.३८ प्रतिशतले र सुंगुर/बंगुरको मासु उत्पादन १.७८ प्रतिशतले घटेको छ ।

समीक्षा वर्षमा अण्डा उत्पादन १.३० प्रतिशतले बढेको छ भने गत वर्ष सो उत्पादन ६.०६ प्रतिशतले बढेको थियो । यसैगरी समीक्षा वर्षमा ऊन उत्पादनमा १.१८ प्रतिशतले ह्रास आएको छ भने गत वर्ष सो उत्पादन ९.६५ प्रतिशतले ह्रास भएको थियो ।

### २.३.२ माछा उत्पादन

समीक्षा वर्षमा माछा उत्पादन ७.८२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष माछा उत्पादन ०.७२ प्रतिशतले वृद्धि भएको थियो ।

### २.३.३ वन्यजन्य उत्पादनः

समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ औषधीजन्य वस्तु उत्पादनमा ९१.८७ प्रतिशत, काठ उत्पादनमा ५२.१४ प्रतिशत र दाउरा उत्पादनमा ५८.१० प्रतिशतले वृद्धि भएको छ भने अन्य उत्पादनमा ३४.८२ प्रतिशतले ह्रास आएको छ । गत आर्थिक वर्ष दाउरा उत्पादन ८५.३९ प्रतिशत, औषधीजन्य उत्पादन ०.०२ प्रतिशत र अन्य उत्पादन ०.२० प्रतिशतले वृद्धि भएको थियो भने काठ उत्पादनमा ३५.७२ प्रतिशते ह्रास आएको थियो ।

**तालिका २.३ : प्रमुख पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) |
| दार्चुला | ३७४५ | २३७९ | १८५१ | २.४७ | ७.७६ | ५.७१ |
| बैतडी | १७६२५ | ३०३४ | २५८५ | ११.६२ | ९.८९ | ७.९८ |
| डडेलधुरा | ६४५१ | ७७६ | ७०४ | ४.२५ | २.५३ | २.१७ |
| कञ्चनपुर | २०८८५ | ८०३७ | ९७०२ | १३.७७ | २६.२० | २९.९६ |
| बझाङ | २५१२ | २५५४ | ९०६ | १.६६ | ८.३३ | २.८० |
| बाजुरा | ५५२५ | १४५७ | १८२६ | ३.६४ | ४.७५ | ५.६४ |
| डोटी | १७१५१ | २२४८ | ३२४४ | ११.३१ | ७.३३ | १०.०१ |
| अछाम | ८७०६ | २५०६ | ३५५१ | ५.७४ | ८.१७ | १०.९६ |
| कैलाली | ६९०५० | ७६७९ | ८०२० | ४५.५३ | २५.०४ | २४.७६ |
| **जम्मा** | **१५१६४९** | **३०६७०** | **३२३८८** | **१००.००** | **१००.००** | **१००.००** |


*(स्रोतः भेटेनरी अफिस तथा पशुविज्ञ सम्पर्क केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय)*

**जिल्लागत स्थिति :** कैलाली जिल्लामा सबैभन्दा बढी (४५.५३ प्रतिशत) दूध उत्पादन भएको छ भने बझाङ जिल्लामा सबैभन्दा कम (१.६६ प्रतिशत) दूध उत्पादन भएको छ। मासु उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (२६.२ प्रतिशत) र डडेलधुरा जिल्लाको हिस्सा सबैभन्दा कम (२.५३ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा कञ्चनपुर

जिल्लाको हिस्सा सबैभन्दा बढी (२९.९६ प्रतिशत) र डडेलधुरा जिल्लाको हिस्सा सबैभन्दा कम (२.१७ प्रतिशत) रहेको छ **(तालिका २.३)।**

## २.४ सिंचाई

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा कुल सिञ्चित क्षेत्रफल ३.६८ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षमा सिञ्चितत क्षेत्रफलमा ३.५७ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा कुल खेती गरिएको भू-भाग मध्ये ३३.५६ प्रतिशत क्षेत्रफल सिञ्चित रहेको छ।





*स्रोत:जिल्ला स्थित जलस्रोत तथा सिँचाई विकार डिभिजन कार्यालय।*

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जा २०७७ असार मसान्तको तुलनामा ४७.६३ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ८ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा ३४.७१ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवामा २९.५४ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम सनपाटमा ०.०४ प्रतिशत कर्जा प्रवाह भएको छ।


समीक्षा वर्षमा कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश ९.६५ प्रतिशत रहेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी कैलाली जिल्लाको अंश ६३.७२ प्रतिशत रहेको छ भने सबैभन्दा कम बाजुरा जिल्लाको १.३३ प्रतिशत रहेको छ।




*स्रोत: नेपाल राष्ट्र बैंक।*

## २.६ सहुलियतपूर्ण कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा २८६ प्रतिशतले बृद्धि भई रु.७ अर्ब ५३ करोड पुगेको छ । गत वर्ष सोही अवधीमा यस शीर्षकमा रु.१ अर्ब ९५ करोड  कर्जा प्रवाह भएको थियो ।




*स्रोत:नेपाल राष्ट्र बैंक ।*

| तालिका २.४ : कृषि कर्जा प्रवाहको अवस्था | | | | |
|---|---|---|---|---|
| | कर्जा प्रवाह (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
| जिल्ला | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा |
| **दार्चुला** | ३३२ | १३६ | २.७५ | १.८० |
| **बैतडी** | १९९ | १३४.९१ | १.६५ | १.७९ |
| **डडेलधुरा** | ५२८ | २७० | ४.३७ | ३.५८ |
| **कञ्चनपुर** | २४९२ | १६४३ | २०.६३ | २१.८२ |
| **बझाङ** | २७३ | १५२ | २.२६ | २.०२ |
| **बाजुरा** | १६० | ३६ | १.३३ | ०.४८ |
| **डोटी** | २१८ | २५९ | १.८० | ३.४४ |
| **अछाम** | १८१ | ९१ | १.५० | १.२१ |
| **कैलाली** | ७७०० | ४८०९ | ६३.७२ | ६३.८६ |
| **जम्मा** | **१२०८३** | **७५३०.८४** | **१००.००** | **१००.००** |

*(स्रोत: नेपाल राष्ट्र बैंक ।*

**जिल्लागत स्थिति :** क्षेत्रगत कृषि कर्जा कैलाली जिल्लामा सबैभन्दा बढी ६३.७२ प्रतिशत रहेको छ भने बाजुरा जिल्लामा सबैभन्दा कम १.३३ प्रतिशत प्रवाह भएको छ । सहुलियतपूर्ण कर्जा प्रवाहमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ६३.८६ प्रतिशत र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.४८ प्रतिशत रहेको छ (**तालिका २.४**)।

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरु:

- आवश्यक जनशक्ति तथा प्रविधिको अभावले तुलनात्मक रुपमा न्यून प्रतिफल रहेको यस क्षेत्रमा श्रम र सीप हुनेहरुमा कृषि भूमि, कृषि कर्जा लगायत अन्य पूर्वाधारको पहुँच पुऱ्याई आधुनिक प्रविधिको प्रयोगमार्फत कृषि क्षेत्रलाई व्यवसायीकरण तथा विविधीकरण गर्दै विदेश पलायन भइरहेका युवावर्गलाई समेत स्वदेशमै आकर्षित गरी विश्व बजारसँग प्रतिष्पर्धा गर्न सक्षम कृषि उद्योग विकास गर्ने ।
- कृषि उत्पादनको बजारीकरणको लागि समुचित व्यवस्था तथा न्यूनतम समर्थन मूल्य कायम गरी घरायसी प्रयोजनका लागि मात्र उत्पादन गर्ने कृषकहरुलाई व्यवसायिक कृषि खेतीमा आकर्षित गर्ने ।
- ४०.६ प्रतिशत हिमाली भू-भाग एवम् ३५.५४ प्रतिशत पहाडी भू-भाग रहेको यस प्रदेशमा सीमित कृषियोग्य भूमि, परम्परागत कृषि प्रणाली, आकासे एवम् निर्वाहमुखी खेती, बिचौलीयाको प्रभुत्व, खाद्य भण्डारको कमी जस्ता समस्याले ग्रसित कृषि क्षेत्रको विकास गरी उत्पादकत्व वृद्धि गर्ने ।
- न्यून लगानी भएको यस क्षेत्रमा आवश्यक कृषि पूर्वाधार (सिंचाई, कृषि अनुसन्धान, कृषि बजार, सडक, बिजुली, सञ्चार, उद्योग तथा उन्नत प्रविधिहरु) मा पर्याप्त लगानी आकृष्ट गर्ने ।
- यस प्रदेशका अधिकाँश पहाडी जिल्लाहरुमा कृषिजन्य बालीनालीमा वन्यजन्तुद्धारा हुने गरेको नोक्सानी तथा तराईका जिल्लामा बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने नोक्सानीको जोखिम न्यूनीकरण गरी उत्पादन बढाउने ।
- प्रदेशमा हाल सञ्चालनमा रहेका शीतभण्डारको उचित व्यवस्थापन गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने ।
- युवा वर्ग विदेश पलायन हुँदा बाँझो हुँदै गएको पहाडी जिल्लाहरुको खेतीयोग्य जमिनलाई प्रयोगमा ल्याउने, बाँझो खेतमा घाँसका बीउ रोपण गरी पशु पोषमा सहयोग गर्ने, ग्रामीण क्षेत्रमा रेमिट्यान्सको बढ्दो आयलाई कृषिमा आकृष्ट गरी उत्पादन अभिवृद्धि गर्ने ।
- प्रदेशका पहाडी जिल्लाहरुबाट हुने तीब्र बसाइसराइका कारण तराईमा रहेको उर्वर भूमिको खण्डीकरणलाई रोक्ने ।
- कोरोना महामारीको कारण विदेशबाट फर्किएका, स्वदेशमा रोजगारी गुमाएका तथा उद्यम गर्न चाहने युवाहरुमा उद्यमशिलताको विकास एवम् सहुलियतपूर्ण कर्जाको पहुँच सुनिश्चित गरी कृषि क्षेत्रमा आवद्ध गराउने ।
- कृषि अनुदान सम्बन्धी व्यवस्थालाई उद्देश्य हासिल हुने गरी कार्यान्वयन गर्ने ।

### सम्भावनाहरु:

- कृषि क्षेत्रमा सीप, पुँजी, प्रविधिको प्रयोगमार्फत कृषि क्षेत्रको विकास गरी गरिबी निवारण गर्दै दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने अवस्था रहेको ।
- यस प्रदेशका पहाडी जिल्लाहरुबाट तराईका जिल्लाहरुमा भएको तीब्र बसाइसराईका कारण पहाडी क्षेत्रमा रहेको बाँझो तथा खाली जमिनहरुमा कागती, सुन्तला, जुनार, ओखर, नासपाती, आरुबखडा, किवी, जस्ता फलफूलहरुको व्यवसायिक खेतीका लागि विभिन्न कृषक, कृषि समुह, कृषि सहकारी तथा उद्यमीहरुलाई उत्प्रेरित गरी ग्रामीण स्तरमा उत्पादन तथा रोजगारी बढाउन सकिने सम्भावना रहेको ।
- राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेका रानी जमरा कुलरिया तथा महाकाली सिँचाई आयोजना निर्माणको चरणमा रहेकाले पर्याप्त सिँचाई सुविधा उपलब्ध भई कृषि उत्पादन बढाउन सकिने ।
- मुख्यमन्त्री एकीकृत कृषि तथा पशु विकास कार्यक्रम, एक घर एक तालिम प्राप्त व्यक्ति कार्यक्रम, उन्नत बीउ वितरण, साना सिँचाई सुविधा विस्तार, प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न अनुदान, बाली विविधीकरण

कार्यक्रम, बीउबिजन बैंकको स्थापना, कृषि प्रदर्शनीका कार्यक्रम, प्रविधियुक्त नमूना फार्म स्थापना, कृषि कर्जा र व्याज अनुदान, सहुलियतपूर्ण कर्जा जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेकाले उक्त कार्यक्रमहरुको प्रभावकारिता वृद्धि गर्न सकिएमा कृषि उत्पादनमा वृद्धि गरी प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउन सकिने अवस्था रहेको ।

- व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्न सकिएमा कृषकको आय स्तरमा वृद्धि गर्न सकिने ।
- विकट तथा दुर्गम क्षेत्रमा समेत सडकको पहुँच विस्तार हुँदै गएकोले कृषि उत्पादनको बजारीकरणमा सहयोग पुग्न जाने अवस्था रहेको ।

# परिच्छेद ३


# उद्योग क्षेत्र

### ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु रहेकोमा १२ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ ।

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा नमूनाको रुपमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४७.२७ प्रतिशत रहेको छ । गत वर्ष यस्ता उद्योगहरुको औसत क्षमता उपयोग ४४.५ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा ईटा उत्पादन गर्ने उद्योगले सवैभन्दा बढी ८५.७१ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने रोजिन उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सवैभन्दा कम २२.२ प्रतिशत रहेको छ ।

समीक्षा वर्षमा अध्ययनले समेटेका उद्योगमध्ये ईटाको उत्पादन सबैभन्दा बढी २३३.३३ प्रतिशतले वृद्धि भएको छ भने चिनी उत्पादनमा २२ प्रतिशतले ह्रास आएको छ । आ.व.२०७७/७८ मा अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी ९८३ रहेको छ । रोजगारीमा आवद्ध महिला तथा पुरुषको अंश क्रमशः ९ प्रतिशत र ९१ प्रतिशत रहेको छ भने २७ प्रतिशत भारतीय नागरिकहरु रहेका छन् ।




*स्रोतः अध्ययन क्षेत्रका उद्योग ।*

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, रोजिन एण्ड टर्पेन्टाईन उद्योगहरु छन् भने नमूना संकलन गरिएका १२ वटा उद्योगहरुको नियमित तथ्याङ्क संकलन गर्ने गरिएको छ ।

### ३.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा २९.५ प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ८१ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २०.८९ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २१.४२ प्रतिशत रहेको छ ।

आ.व. २०७७/७८ मा कुल औद्योगिक कर्जामध्ये विद्युत ग्याँस तथा पानी सम्वन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी १३९.२५ प्रतिशतले वृद्धि भएको छ भने गैर खाद्य वस्तु उत्पादन सम्वन्धी उद्योगमा सवैभन्दा कम १४.४० प्रतिशतले वृद्धि भएको छ (तालिका ३.२) । यसैगरी, खानी सम्बन्धी उद्योगमा ९२.९५ प्रतिशतले, कृषि, बन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ३५.८४ प्रतिशतले, धातुको उत्पादन, मेशिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३३.३८ प्रतिशतले तथा निर्माण सम्बन्धी उद्योगमा २७.६ प्रतिशतले कर्जा विस्तार भएको छ ।


कुल औद्योगिक कर्जामध्ये सवैभन्दा बढी निर्माण सम्वन्धी उद्योगको अंश ३८.६३ प्रतिशत रहेको छ भने सबैभन्दा कम खानी सम्वन्धी उद्योगको अंश ०.५४ प्रतिशत अंश रहेको छ ।

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७४.९९ प्रतिशत र सबैभन्दा कम बाजुरा जिल्लाको अंश ०.४९ प्रतिशत रहेको छ ।

**तालिका ३.१ : औद्योगिक कर्जाको प्रवाहको अवस्था**

| जिल्ला | कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दार्चुला | १४३ | ०.५३ |
| बैतडी | १५५ | ०.५८ |
| डडेलधुरा | ७०६ | २.६३ |
| कञ्चनपुर | ४८३० | १८.०२ |
| बझाङ | २११ | ०.७९ |
| बाजुरा | १३० | ०.४९ |
| डोटी | ३३० | १.२३ |
| अछाम | २०१ | ०.७५ |
| कैलाली | २०१०५ | ७४.९९ |
| **जम्मा** | **२६८११** | **१००.००** |

(स्रोत: नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था नियमन विभाग)




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

**तालिका ३.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा)**

| उद्योग | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| खानी सम्बन्धी | ७५ | १४४ | ९२.९५ |
| कृषि, बन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ७०१७ | ९५३२ | ३५.८४ |
| गैर खाद्य बस्तु उत्पादन सम्बन्धी | ४०२७ | ४६०७ | १४.४० |
| निर्माण | ८११७ | १०३५७ | २७.६० |
| बिद्युत ग्यास तथा पानी | ११० | २६३ | १३९.२५ |
| धातुको उत्पादन, मेशिनरी तथा ईलेक्ट्रोनिक | १४२९ | १९०६ | ३३.३८ |

| | | | |
|---|---|---|---|
| **जम्मा** | २०७७६ | २६८११ | २९.०५ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरुः

- कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी, अपर्याप्त अनुसन्धान जस्ता समस्याहरुकाबीच औद्योगिक उत्पादन अभिवृद्धि गर्ने ।
- कोभिड १९ महामारीको असरले बन्द भएका उद्योगहरुलाई सञ्चालनमा ल्याउने ।
- उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने ।
- प्रदेशमा सञ्चालनमा रहेका चिनी, इँटा उत्पादन गर्ने उद्योगहरुमा आवश्यक दक्ष तथा अदक्ष कामदारका लागि भारतीय कामदारहरुको निर्भरतालाई कम गर्न स्वदेशमै दक्ष कामदारहरु तयार गर्ने तथा अन्य अदक्ष कामदारहरुलाई समेत आकर्षित गरी प्रदेशमा रोजगारी सुनिश्चतता गर्ने ।
- संघीय सरकारले घोषणा गरेका औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु निर्माण गरी उद्योगीहरुलाई लगानी गर्नका लागि आकर्षित गर्नु ।
- कम लागतका गुणस्तरीय वस्तु उत्पादन गरी आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने गरी औद्योगिक उत्पादन बढाउने ।

### सम्भावनाहरुः

- पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोबाट उत्पादन हुने काठबाट काष्ठ उद्योग तथा खोटोबाट रोजिन एण्ड टर्पेन्टाइन उद्योगको स्थापना तथा सञ्चालनमा रहेका उद्योगको क्षमता वृद्धि गर्न सकिने ।
- स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापनामार्फत औद्योगिक उत्पादन बढाउन सकिने ।
- पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिबुटी तथा बन पैदावारको पकेट क्षेत्र पहिचान गरी जडिबुटी उद्योग स्थापना गर्न सकिने ।
- यस प्रदेशमा धान, गहुँ, मकै, भटमास, आलु, केरा, मसला, विजय सालको पर्याप्त उत्पादन हुनुका साथै व्यावसायिक माछा बंगुर तथा कुखुरापालन समेत बढ्दै गएकोमा बन, मसला, फलफूल तथा पशुदाना सम्वन्धी उद्योग स्थापना गर्न सकिने ।
- प्रदेशस्तरमा "एक स्थानीय तह, एक औद्योगिक ग्राम", स्थानीय कच्चा पदार्थको उपलब्धताको आधारमा "एक जिल्ला एक विशिष्ट उद्योग" प्रवर्द्धन जस्ता कार्यक्रमहरु शुरु गरिएकाले प्रदेशमा औद्योगिकीकरण गर्नमा सहयोग पुग्नुका साथै स्थानीयस्तरमा नै पर्याप्त रोजगारी सिर्जना हुन सक्ने ।
- प्रदेश अन्तर्गतका तराईका जिल्लामा बढ्दो शहरीकरण र महाकाली नदीमा निर्माणाधीन पक्की पुलका कारण निर्यातमा सहजता आउने हुँदा औद्योगिक उत्पादनको बजार उच्च रहेको ।

# परिच्छेद ४

# सेवा क्षेत्र

## ४.१ पर्यटन

समीक्षा वर्षमा यस प्रदेशमा होटल तथा लजको संख्यामा ४.४४ प्रतिशतले ह्रास आएको छ । कोभिड महामारीका कारण दार्चुला जिल्लामा २ वटा होटल सञ्चालनमा नरहेकोले सो संख्यामा कमी आएको हो । समीक्षा वर्षमा होटल शैयाको संख्या १.२२ प्रतिशतले ह्रास आएको छ । पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या समीक्षा वर्षमा ३७.५० प्रतिशतले घटेको छ । कोभिड-१९ का कारण पर्यटन क्षेत्र सहज रुपमा चलायमान हुन नसकेको कारण यस प्रदेशमा सञ्चालनमा रहेको होटल तथा लजहरुले कर्मचारीको संख्यामा कटौती गरेका कारण सो संख्यामा उल्लेख्य ह्रास आउन गएको हो ।

**बक्स १ : पर्यटन क्षेत्रको वस्तु स्थिति**

***यस प्रदेशमा रहेका ४३ वटा पर्यटक स्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमुनाको रुपमा छनौट गरिएका ५ वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

कोभिड १९ महामारीका कारण समग्र अर्थतन्त्र नै थिलथिलो बनेको अवस्थामा पर्यटन क्षेत्र अति प्रभावित बनेको छ । यस अवधिमा पर्यटन व्यवसायको विस्तार शुन्य रह्यो । सञ्चालनमै रहेका केही होटलसमेत वन्द रहेकोले नयाँ होटल विस्तार तथा निर्माण सम्पन्नको अवस्थामा पुगेका होटलहरुसमेत सञ्चालनमा आउन सकेका छैनन् ।

समीक्षा वर्षमा नमुनाको रुपमा छनौट गरिएका ५ होटलहरुको औसत अकुपेन्सी ३१.२ प्रतिशत रहेको पाइयो । समीक्षा वर्षमा भारतीय पर्यटकहरु ६०७ जना, चिनीयाँ पर्यटक १३ जना तथा तेस्रो मुलुकबाट आएका १२१ जना गरी जम्मा ७२१ जना पर्यटकहरु यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा वर्षमा ८४ पुरुष तथा २९ महिला गरी जम्मा ११३ जनाले यस क्षेत्रमा रोजगारी पाइरहेको पाइयो ।

**तालिका ४.१ : नमुनाको रुपमा छनौट गरिएका ५ वटा पर्यटक स्तरीय होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०७७/७८** |
|---|---|---|
| | औसत अकुपेन्सी (प्रतिशतमा) | ३१.२ |
| पर्यटक आगमन | **जम्मा** | ७४१ |
| | भारत | ६०७ |
| | चीन | १३ |
| | तेस्रो मुलुक | १२१ |
| रोजगारी | **जम्मा** | ११३ |
| | पुरुष | ८४ |
| | महिला | २९ |

*स्रोत : सम्बन्धित होटलहरु*

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

| तालिका ४.२ : सार्वजनिक निर्माण तथा रियल स्टेट | | | |
|---|---|---|---|
| विवरण | २०७७ असार मसान्त | २०७८ असार मसान्त | प्रतिशत परिवर्तन |
| घरजग्गा रजिष्ट्रेशन संख्या | २०,८५९ | २३,३१० | ११.७५ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १,६४२ | २,०७८ | २६.५५ |
| घरजग्गा रजिष्ट्रेशन राजश्व (रु.करोडमा) | ६५९ | १,७२३ | १६१.४६ |

(स्रोतः जिल्ला मालपोत कार्यालयहरु तथा सम्पूर्ण नगरपालिकाहरु)

समीक्षा वर्षमा समग्र घर जग्गा रजिष्ट्रेशन संख्या ११.७५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सो संख्या ३६.८१ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व संकलन १६१.३५ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ७२ करोड ३० लाख भएको छ । गत वर्ष यस्तो राजस्व संकलन ६८.६ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या २६.५५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष घर/भवन नक्सा पास संख्या ४१.२१ प्रतिशतले ह्रास भएको थियो ।

## ४.३ वित्तीय सेवा


२०७८ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३१७, विकास बैंकका ४६, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४०८ गरी जम्मा ७७७ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३४४ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २६ शाखा सञ्चालनमा छन् ।

| तलिका ४.३ :बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०७८ असार मसान्त) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | कैलाली | कञ्चनपुर | अछाम | डडेलधुरा | डोटी | बझाङ | बैतडी | दार्चुला | बाजुरा | जम्मा |
| वाणिज्य बैंक | १३१ | ५८ | १८ | २५ | २० | १८ | १७ | १७ | १३ | ३१७ |
| विकास बैंक | २५ | १० | ३ | १ | १ | १ | २ | २ | १ | ४६ |
| वित्त कम्पनी | ५ | १ | | | | | | | | ६ |
| लघुवित्त संस्था | १८३ | ९२ | २९ | २२ | २४ | १८ | १७ | ११ | १२ | ४०८ |
| **जम्मा** | ३४४ | १६१ | ५० | ४८ | ४५ | ३७ | ३६ | ३० | २६ | ७७७ |

स्रोत : नेपाल राष्ट्र बैंक ।

२०७८ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा २०.२२ प्रतिशतले वृद्धि भई रु.१०९.२४ अर्ब पुगेको छ । गत वर्ष यस्तो निक्षेप २९.५४ प्रतिशतले वृद्धि भएको थियो ।

२०७८ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा ३६.२० प्रतिशतले वृद्धि भई रु.१२७.२९ अर्ब पुगेको छ । गत वर्ष यस्तो कर्जा १८.७२ प्रतिशतले वृद्धि भएको थियो ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

| तालिका ४.४ : जिल्लागत निक्षेप तथा कर्जा प्रवाहको अवस्था | | | | |
|---|---|---|---|---|
| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ३०६७ | ११९९ | २.८१ | ०.९४ |
| बझाङ | ३७१४ | १७६७ | ३.४० | १.३९ |
| दार्चुला | ५०८७ | १८७१ | ४.६६ | १.४७ |
| बैतडी | ५६२३ | १६६९ | ५.१५ | १.३१ |
| डडेलधुरा | ६०८६ | ४३१५ | ५.५७ | ३.३९ |
| डोटी | ४९३८ | २७०७ | ४.५२ | २.१३ |
| अछाम | ४९१६ | २१२५ | ४.५० | १.६७ |
| कैलाली | ५१६२० | ८७६०४ | ४७.२५ | ६८.८२ |
| कञ्चनपुर | २४१९९ | २४०३० | २२.१५ | १८.८८ |
| **जम्मा** | **१०९२५०** | **१२७२८९** | **१००.००** | **१००.००** |

*स्रोत:नेपाल राष्ट्र बैंक ।*

**जिल्लागत स्थिति :** समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४७.२५ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.८१ रहेको छ ।

अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.८२ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् ०.९४ प्रतिशत रहेको छ ।

**बक्स २ : छनौटमा परेका १० वटा सहकारीहरुको कुल पुँजी, निक्षेप तथा कर्जा प्रवाहको स्थिति**

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २०६० सहकारीहरुमध्ये नमूनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका ४.५ : छनौट गरिएका सहकारीहरुको निक्षेप तथा कर्जा प्रवाहको अवस्था**

| विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **कुल पुँजी** (दश लाखमा) | **३७८.५२** | **४२६.६५** | **५२८.२६** | **१२.७२** | **२३.८१** |
| निक्षेप (दश लाखमा) | ३२८४.०५ | ३७६९.४० | ४५९३.५८ | १४.७८ | २१.८७ |
| कर्जा (दश लाखमा) | २८४८.५६ | ३२९२.२५ | ३७८७.४५ | १५.५८ | १५.०४ |
| सदस्य संख्या | २७४२४ | ३०८४९ | ३५३२६ | १२.४९ | १४.५१ |
| कर्मचारी संख्या | १४८ | १६३ | १७२ | १०.१४ | ५.५२ |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको तुलनामा २३.८१ प्रतिशतले वृद्धि भई रु.५२.८३ करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप १२.७२ प्रतिशतले वृद्धि भई रु.४२.६६ करोड पुगेको थियो ।

कुल निक्षेप गत वर्षको तुलनामा २१.८७ प्रतिशतले वृद्धि भई रु.४.५९ अर्ब पुगेको छ । गत वर्ष यस्तो निक्षेप १४.७८ प्रतिशतले वृद्धि भई रु.३.२९ अर्ब पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा १५.०४ प्रतिशतले वृद्धि भई रु.३.७९ अर्ब पुगेको छ । गत वर्ष यस्तो कर्जा १५.५८ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या १४.५१ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कमचारीको संख्या ५.५२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष सदस्य संख्या १२.४९ प्रतिशत र कर्मचारी संख्या १०.१४ प्रतिशतले वृद्धि भएको थियो ।

**नोटः** सहकारी छनौट गर्दा अध्ययन क्षेत्रका प्रत्येक जिल्लाबाट १ वटाका दरले हुने गरी जम्मा ९ वटा तथा कैलाली जिल्लाबाट थप १ गरी जम्मा १० वटा सहकारी छनौट गरिएको छ ।

**बक्स ३ : तोकिएका स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार तथा वित्तीय सेवाको अवस्था**


सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा विस्तार गर्ने नेपाल राष्ट्र बैंकको नीति बमोजिम हाल प्रदेश नं ७ मा रहेका ८८ वटा स्थानीय तह मध्ये ८७ वटा स्थानीय तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् भने बझाङ जिल्लाको साईपाल गाउँपालिकामा हालसम्म वाणिज्य बैंकको शाखा पुग्न सकेको छैन । सबै भन्दा पछि वाणिज्य बैंकको शाखा पुगेको बझाङ जिल्लाको थलारा गाउँपालीकामा कुमारी बैंक लिमिटेडको शाखा सञ्चालनमा रहेको छ ।

जिल्लागत रुपमा सबैभन्दा बढी बझाङका १० वटा स्थानीय तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् भने सबैभन्दा कम कैलाली जिल्लाका ३ वटा स्थानीय तहमा शाखा विस्तार भएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन पश्चात विस्तार भएका वाणिज्य बैंकका शाखाहरुमा २०७८ असार मसान्तसम्म १९८ जना कर्मचारीहरुले रोजगार प्राप्त गरेका छन् । जिल्लागत रुपमा बझाङ जिल्लाका स्थानीय तहमा विस्तार भएका वाणिज्य बैंकका शाखामा सबैभन्दा बढी ३३ जना कर्मचारीहरुले रोजगार प्राप्त गरेका छन भने सबैभन्दा कम कैलाली जिल्लामा १३ जना कर्मचारीहरुले रोजगारी प्राप्त गरेका छन् ।

सुदूरपश्चिम प्रदेशका तोकिएका स्थानीय तहमा शाखा विस्तार गरेका वाणिज्य बैंकले २०७८ असार मसान्तसम्म रु.९ अर्ब ४३ करोड ७७ लाखको कुल निक्षेप परिचालन गरेका छन् भने रु.२ अर्ब ३३ करोड ४ लाखको कर्जा प्रवाह गरेका छन् ।

**रेखाचित्र ४.२ : स्थानीय तहमा विस्तार भएका शाखाको निक्षेप र कर्जाको जिल्लागत अवस्था (रु. करोडमा)**




*स्रोत : नेपाल राष्ट्र बैंक*

जिल्लागत रूपमा स्थानीय तहमा विस्तार भएका नयाँ शाखाहरूले परिचालन गरेको निक्षेप र प्रवाह गरेको कर्जा स्थिति रेखाचित्र ११ मा दिएको छ ।

## ४.४ यातायात तथा सञ्चार

समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा १८.७४ प्रतिशतले वृद्धि भई १ लाख ४५ हजार ५ सय ९२ पुगेको छ (तालिका ४.६) । यस मध्ये मोटरसाइकलको संख्या १८.४८ प्रतिशतले र अन्य सवारी साधनको संख्या २०.०१ प्रतिशतले वृद्धि भएको छ ।

| तालिका ४.६ : यातायात साधनको संख्या | | | |
|---|---|---|---|
| विवरण | गत वर्ष<br>२०७७ असार मसान्त | समीक्षा वर्ष<br>२०७८ असार मसान्त | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
| मोटरसाईकल | १०१,८९७ | १२०,७२९ | १८.४८ |
| अन्य | २०,७१८ | २४,८६३ | २०.०१ |
| यातायात साधनको संख्या | १२२,६१५ | १४५,५९२ | १८.७४ |

*स्रोत : सेती तथा महाकाली यातायात व्यवस्था कार्यालय ।*

२०७८ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकमबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको संख्या गत वर्षको तुलनामा १३.०९ प्रतिशत वृद्धि भई २३,२४,४४४ पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको संख्यामा ३२.५४ प्रतिशत वृद्धि भई १३,७९,३२६ पुगेको छ (तालिका ४.७) ।

| तालिका ४.७: सञ्चार सुविधा | | | |
|---|---|---|---|
| विवरण | गत वर्ष<br>२०७७ असार मसान्त | समीक्षा वर्ष<br>२०७८असार मसान्त | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
| वितरित टेलिफोन संख्या नेपाल टेलिकम * | २,०५५,४६० | २,३२४,४४४ | १३.०९ |
| कुल वितरित ईन्टरनेट सेवा | १,०४०,६६२ | १,३७९,३२६ | ३२.५४ |

* नेपाल टेलिकमबाट वितरित जि.एस.एम मोबाईल सहित सम्पूर्ण टेलिफोन सेवा

*स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण ।*

## ४.५ शिक्षा तथा स्वास्थ्य

**(क)** आ.व.२०७७/७८ को अन्तसम्ममा अध्ययन क्षेत्रमा सरकारी स्तर तथा निजी एवं सामुदायिक स्तरमा खुलेका उच्च मा.वि., प्राविधिक शिक्षालय, क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालय सहित कुल ४८८३ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन् । कोभिड १९ का कारण आ.व.२०७६/७७ मा विद्यार्थीहरुको भर्ना प्रभावित भएकोले विद्यार्थीको संख्या यकिन गर्न नसकिएतापनि २०७७/७८ मा सवै किसिमका अध्ययन संस्थाहरुमा कुल ६ लाख ३९ हजार ९ सय २२ विद्यार्थीहरु अध्ययनरत रहेका थिए ।

**(ख)** आ.व.२०७७/७८ मा अध्ययन क्षेत्रमा १४ सरकारी अस्पतालहरु संचालनमा रहेका छन् । सरकारी अस्पतालमा ९९२ शैयामार्फत २०७ जना चिकित्सकहरुले सेवा दिइरहेका छन् । कैलाली जिल्लास्थित गेटा आँखा अस्पतालले आँखाका बिरामीहरुलाई सेवा दिइरहेको छ । कैलाली जिल्लाको गेटामा मेडिकल कलेज निर्माणको अन्तिम चरणमा रहेकोले कैलाली, कञ्चनपुर लगायत सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका मानिसहरुको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ । कोभिड १९ महामारीबाट सिर्जित कारणहरुले सरकारी तवरबाट नै विभिन्न स्वास्थ्य संस्थाहरुमा आई.सि.यु., भेन्टिलेटर लगायत विभिन्न अत्याधुनिक स्वास्थ्य सुविधाहरु थपिएका कारण भविष्यमा स्वास्थ्य सेवा थप प्रभावकारी हुने देखिन्छ ।

## ४.६ सेवा क्षेत्र कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा ४७.६२ प्रतिशतले बढेर रु.८६ अर्ब २६ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा १९.२३ प्रतिशतले वृद्धि भएको थियो। कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ६८.९२ प्रतिशत रहेको छ।


**तालिका ४.८: सेवा क्षेत्र कर्जा प्रवाहको अवस्था**

| जिल्ला | सेवा क्षेत्र कर्जा प्रवाह ( रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दार्चुला | १३९७ | १.६२ |
| बैतडी | १२९६ | १.५० |
| डडेलधुरा | ३०५४ | ३.५४ |
| कञ्चनपुर | १६४६८ | १९.०९ |
| बझाङ | १२६६ | १.४७ |
| बाजुरा | ९०९ | १.०५ |
| डोटी | २११५ | २.४५ |
| अछाम | १७०२ | १.९७ |
| कैलाली | ५८०५६ | ६७.३० |
| **जम्मा** | **८६२६२** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

**जिल्लागत स्थिति :** सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी ६७.३० प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम १.०५ प्रतिशत रहेको छ (**तालिका ४.८**)।

समीक्षा वर्षमा कुल सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा बढी थोक तथा खुद्रा विक्रेता सम्वन्धी व्यवसायमा ४६.६३ प्रतिशत र सबैभन्दा कम यातायात भण्डारण र संचारमा ३.५ प्रतिशत अंश रहेको छ।




*स्रोत:नेपाल राष्ट्र बैंक।*

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा बढी कैलाली जिल्लाको अंश ६७.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम बाजुरा जिल्लाको १.०५ प्रतिशत रहेको छ ।

## ४.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरुः

- सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि आवश्यक सडक पहुँच, यातायात सेवा, हवाई सेवा तथा होटल लगायतका पूर्वाधारहरु निर्माण गर्ने ।
- तीव्र गतिमा बढेको रियल स्टेट कारोवार, कमजोर भूमि व्यवस्थापन, कअव्यवस्थित शहरीकरण तथा औद्योगिकीकरणका कारण बढेको वातावरण प्रदूषण, पर्यावरणीय असन्तुलन, बढ्दो प्राकृतिक प्रकोप, माटोको उर्वरशक्ति ह्रास, जैविक विविधतामा परेको नकारात्मक असर नियन्त्रण गरी दिगो विकासका लक्ष्य हासिल गर्ने ।
- कम जनघनत्व रहेको र वित्तीय सेवा पुऱ्याउन असहज क्षेत्रहरुमा वित्तीय सेवा विस्तार गर्ने, वित्तीय सचेतना अभिवृद्धि गर्ने, कृषि, उर्जा र पूर्वाधारका क्षेत्रहरुमा बैंक लगानी प्रोत्साहन गर्ने ।
- भौगोलिक विकटताकाबीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउने ।
- सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- सहुलियतपूर्ण कर्जा, पुनरकर्जा तथा व्यवसायिक निरन्तरता कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्ने ।
- कोभिड १९ बाट अति प्रभावित पर्यटन तथा सोसँग सम्बन्धित अन्य व्यवसायलाई पुनरुत्थान गर्ने ।

### सम्भावनाहरुः

- यस क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरुमा आवश्यक पूर्वाधार निर्माण गरी समुचित प्रर्वद्धन एवम् प्रचार प्रसारका कार्यक्रमहरुमार्फत पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- सुदूरपश्चिम विश्वविद्यालय तथा गेटा मेडिकल कलेजको स्थापनाबाट गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने।
- सुदूरपश्चिम प्रदेश सरकारले प्रसूति केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ भवनहरुको निर्माण प्रक्रिया शुरु गरेको तथा सबै जिल्लाहरुमा स्वास्थ्य बीमा कार्यक्रम, “एक विद्यालय, एक नर्स कार्यक्रम”, ग्रामिण अल्ट्रासाउण्ड जस्ता कार्यक्रम सञ्चालन गरेकाले स्वास्थ्य सेवाको गुणस्तरमा सुधार आउने ।
- प्रदेशका सबैजसो स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगिसकेको अवस्थामा बैंकिङ पहुँच तथा वित्तीय सचेतना अभिवृद्धि भई स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना हुन सक्ने ।
- स्थानीय तहमार्फत विकट तथा छरिएका वस्तीहरुमा समेत सडक लगायत अन्य पूर्वाधारहरुको विस्तारका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने ।
- यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा लगानी न्यून रहेकोले उत्पादनशील क्षेत्रमा कर्जा लगानी वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
- यस प्रदेशमा सञ्चार तथा प्रविधिको क्षेत्रमा समेत उल्लेख्य विकास भएकाले आधुनिक प्रविधिको प्रयोगमार्फत सेवा क्षेत्रलाई थप चलायमान बनाउन सकिने ।

### बक्स ४ : थलारा गाउँपालिकामा वाणिज्य बैंकको शाखा विस्तार-अवस्था विश्लेषण

नेपाल सरकारले मुलुकभरिका ७५३ वटै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने उद्देश्य अन्तर्गत सुदूरपश्चिम प्रदेशमा सबैभन्दा पछि वाणिज्य बैंकको शाखा पुगेको बझाङ जिल्लाको थलारा गाउँपालिकामा सञ्चालनमा रहेको कुमारी बैंक लिमिटेडको शाखा स्थापना तथा कारोबारको अवस्था सम्बन्धमा धनगढी कार्यालयले एक संक्षिप्त अध्ययन गरेको छ । कुमारी बैंक लिमिटेडबाट प्राप्त तथ्याङ्कहरुका आधारमा तयार गरिएको यो संक्षिप्त अध्ययन निम्नानुसार प्रस्तुत गरिएको छ ।

सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानिय तहहरुमध्ये बझाङ जिल्लाको साईपाल गाँउपालिकाबाहेकका सवै स्थानिय तहहरुमा वाणिज्य बैंकको शाखा विस्तार भैसकेको छ । आर्थिक वर्ष २०७७/७८ मा कुमारी बैंक लिमिटेडले थलारा गाँउपालिकामा शाखा स्थापना गरी कारोवार सुरु गरेको छ ।

थलारा गाउँपालिका बझाङ जिल्लाको सदरमुकाम चैनपुर बजारबाट करिव ३५ किलोमिटर दक्षिण पश्चिम भेगमा पर्दछ । साधारण अवस्थामा चैनपुर बजारबाट उक्त गाउँपालिकाको कार्यालय रहेको स्थानसम्म कच्ची र पक्की बाटो हुदै करीब एक देखि दुई घन्टाको मोटर यात्राबाट पुग्न सकिन्छ । यस गाँउपालिकामा वाणिज्य बैंकको शाखा सञ्चालन गर्नुपर्ने जिम्मेवारी पाएको कुमारी बैंकले मिति २०७७/०६/२९ गतेका दिनदेखि शाखा सञ्चालनमा ल्याएको छ । भौगोलिक विकटता तथा बैंक स्थापनाका लागि चाहिने आवश्यक न्यूनतम पूर्वाधारहरु बिद्युत, इन्टरनेट, टेलिफोन सेवा सहज रुपमा उपलब्ध नहुँदा बैंकको शाखा स्थापना गर्न चुनौतीपूर्ण रहेको थियो ।

स्थानीय स्तरमा बैंक तथा वित्तीय संस्थाको उपस्थितिले विभिन्न आर्थिक क्रियाकलापमा सहयोग पुग्ने, बैंकिङ लगायत अन्य सेवा लिन सदरमुकाम जानुपर्ने अवस्थाको अन्त्य हुने तथा स्थानीय स्तरमै आर्थिक गतिविधि बढ्न गई रोजगारीका अवसरहरु सृजना हुने अपेक्षा रहेको छ । शाखामा हाल ३ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

आ.व. २०७७/७८ असार मसान्तसम्मको अवधिमा यस शाखाले थलारा गाँउपालिका, थलारा गाँउपालिका अर्न्तगतका क्याम्पस, स्कूल तथा बालबिकास केन्द्रहरु (४६ वटा) र सर्वसाधारणहरुको मुद्दति, बचत र चल्ती खाता गरी कुल १४९८ वटा खाता खोलेको छ भने शाखाको कुल निक्षेप रु.११ करोड ८३ लाख ९ सय ४६ पैसा ६८ रहेको छ । गाउँपालिकाका कर्मचारीको पारिश्रमिक, स्थानीयहरुको कृषि उत्पादनबाट प्राप्त हुने आम्दानी तथा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण यस शाखाको निक्षेपको मुख्य स्रोतको रुपमा रहेको छ।

यस शाखाबाट हालसम्म कुनै किसिमको कर्जा प्रवाह भएको देखिदैन । आर्थिक वर्ष २०७७/७८ को पछिल्लो ३० दिनको दैनिक औसत कारोवार संख्या ५५ वटा रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा शाखाको औसत मासिक आम्दानी रु.४ लाख १२ हजार ७ सय ९ पैसा ५५ रहेको छ भने औसत मासिक खर्च रु.४ लाख १५ हजार ९ सय ३० पैसा १८ रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा उक्त शाखाको नोक्सानी रु.४ लाख ९७ हजार ८ सय ९४ पैसा ७५ रहेको छ । त्यसैगरी शाखा स्थापनाको लागत रु.२३ लाख ४ हजार ७ सय ३७ पैसा ७० रहेको छ ।

हालसम्म उक्त स्थानमा मोवाइल इन्टरनेट सेवा(थ्रीजि) मात्र उपलब्ध रहेको तथा वैकल्पिक इन्टरनेट सेवा प्रदायक संस्थाको सेवा उपलब्ध नभएकाले प्रविधिमा आधारित आधुनिक भुक्तानी प्रणालीका उपकरणहरू जस्तैः इन्टरनेट बैंकिङ्ग, डेविट कार्ड, केडिट कार्ड, क्यु आर कोड, प्रिपेड कार्ड आदिको प्रयोग बढ्न सकेको देखिदैन । वाणिज्य बैंकको शाखा विस्तार हुनुपूर्व गाउँपालिकाले सदरमुकाम चैनपुरस्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको शाखा मार्फत सञ्चालन गर्दै आएको सरकारी कारोवार चालु आ.व.२०७७/७८ देखि यस शाखाबाट गर्दै आईरहेको छ ।

**शाखाका विद्यमान समस्याहरुः** दुर्गम हिमाली जिल्लाको यस गाँउपालिकामा स्थापना भएको यस शाखाको विद्यमान समस्याहरु देहाय बमोजिम रहेको देखिन्छ ।

- फण्ड ट्रान्सफरको लागि सदरमुकामसम्म आवतजावत गर्न आवश्यक सुरक्षा प्रवन्ध तथा सवारी साधनको व्यवस्थापनका लागि स्थानीय तहसँग पूर्णरुपमा निर्भर रहेको ।

- शाखामा नियमित नगद निक्षेप सानो आकारको हुने तर गाउँपालिकाको तलवी खाता तथा उपभोक्ता समितिहरुको खातामार्फत हुने भुक्तानीमा नगदलाई नै बढी प्राथमिकता दिने भएकाले नगद व्यवस्थापन चुनौतिपूर्ण रहेको ।

- स्थानीयस्तरमा कर्जाको माग नरहेको, कर्जा आवश्यक हुने सम्भावित ग्राहकले धितोको मूल्याङ्कन तथा बिक्री गर्न बजार मूल्य निर्धारण चुनौतिपूर्ण रहेको, कर्जा आवश्यक हुने सम्भावित ग्राहकले कर्जा लिंदा बैंकिङ प्रक्रियालाई झन्झटिलो मान्ने आदि लगायतका कारणले हालसम्म उक्त शाखाबाट कर्जा प्रवाह हुन नसकेको ।

**स्थानीयस्तरमा पारेको प्रभाव**

माथि उल्लिखित विविध समस्याका बाबजुद वित्तीय पहुँच तथा वित्तीय समावेशिताको दृष्किोणबाट पिछडिएको दुर्गम यस गाउँपालिकामा बैकिङ्ग सेवाको पहुँच पुग्नु आफैंमा महत्वपूर्ण उपलब्धि हो । सर्वसाधारणमा बचत गर्ने बानी विकास गर्न, विप्रेषणको सहज र सुरक्षित भुक्तानी गर्न, राज्यले प्रदान गर्ने विभिन्न सामाजिक सुरक्षा भत्ताहरु तथा अनुदानको रकम बैंकिङ्ग प्रणालीमार्फत भुक्तानी गर्न, आधुनिक बैकिङ्ग सेवाहरुमा सर्वसाधारणको सहज पहुँच विस्तार गरी वित्तीय समावेशीकरणको प्रवर्द्धनमा यस शाखाले सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ । औपचारिक बैकिङ्ग सेवाको पहुँच नहुँदा पुँजी जुटाउन नसकी चाहेको पेशा व्यवसाय गर्नबाट बञ्चित वेरोजगार तथा बैदेशिक रोजगारीबाट फर्केर स्वरोजगारमुलक व्यवसाय गर्न चाहने युवाहरुको पहिचान गरी स्थानीयस्तरमा सम्भव हुने उपयुक्त व्यवसाय सञ्चालन गर्न कर्जा उपलब्ध गराउन सके आर्थिक क्रियाकलाप विस्तार हुने देखिन्छ । खप्तड राष्ट्रिय निकुन्जसँग जोडिएको यस गाँउपालिकामा ग्रामीण पर्यटन, भेडापालन, जडिबुटी तथा कृषिजन्य उत्पादनको पर्याप्त सम्भावना रहेको छ ।

भौगोलिक विकटता रहेको यस गाउँपालिकामा कोभिड १९ को कारणले रोजगारी गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका, दलित, विपन्न तथा पिछडिएकाहरुलाई सहुलियपूर्ण कर्जामार्फत स्थानीय स्तरमा गर्न सकिने सम्भाव्य व्यवसायमा आकर्षित गर्न सकेमा स्थानीय स्रोत, सीप, साधनको सदुपयोग भई स्वरोजगार तथा उद्यमशीलताको विकास भई त्यहाँका जनताको आयस्तर बढ्दै जाने तथा बचत गर्ने बानीको विकास हुने देखिन्छ ।

करिब अठार हजार जनसंख्या रहेको यो गाउँपालिकामा वाणिज्य बैंकको शाखाले प्रवाह गर्ने कर्जा तथा निक्षेप परिचालनको माध्यमबाट विस्तार हुने व्यापार व्यवसायले आन्तरिक उत्पादन तथा स्वरोजगारीको अवसर सृजना गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

# परिच्छेद ५

# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

सुदूरपश्चिम प्रदेशमा निर्माणाधीन ठूला पूर्वाधारका आयोजनाहरू, तिनको भौतिक प्रगति एवम् वित्तीय प्रगति, रोजगारी सम्बन्धी विवरण संक्षेपमा तल प्रस्तुत गरिएको छ ।

### ५.१.१ राष्ट्रिय गौरबका आयोजनाहरुः

#### (क) रानी जमरा कुलरिया सिँचाइ आयोजना

राष्ट्रिय गौरवका आयोजनामा समावेश गरिएको **रानी जमरा कुलरीया सिँचाइ प्रणाली** नेपालको सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित सबैभन्दा ठूलो सिँचाइ प्रणाली हो । यस प्रणालीको पानीको श्रोत कर्णाली नदी (पश्चिमी भङ्गालो झरही नाला) रहेको छ । यस प्रणालीले कैलाली जिल्लाको टीकापुर नगरपालिका, लम्की चुहा नगरपालिका र जानकी गाँउपालिका गरी हालसम्म जम्मा करिव ११,००० हेक्टर जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ । समग्र सिंचित क्षेत्र ३८,३०० हेक्टर रहने भए पनि हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजना अनुसार २०,३०० हेक्टर क्षेत्रफलको निर्माण कार्य आ.व. २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यस आयोजनाको २०७८ असार मसान्तसम्मको भौतिक प्रगति ५२.१ प्रतिशत रहेको छ ।

यो आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिव १४,३०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुनेछ भने यसबाट करिव २३,६२२ घरधुरीका करिव १,४२,३६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुन देखिन्छ । यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ जाने लम्की विस्तार सिँचाइ शाखा नहरबाट पथरैया नदीसम्मको थप करिव ६,००० हेक्टरमा र दीर्घकालमा कान्द्रा नदीसम्मको थप १८,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तारित गर्ने लक्ष्य लिईएको छ ।

#### (ख) महाकाली सिँचाई आयोजनाः

कञ्चनपुर र कैलाली जिल्लामा करिब ३३,५२० हेक्टर भूभागमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले करिब रु.३५ अर्ब लागत रहेको निर्माणाधीन यस आयोजनालाई आ.व.२०७७/७८ को बजेट वक्तव्यमार्फत राष्ट्रिय गौरबका आयोजनाका रुपमा विकास गरिएको छ । यस आयोजनाको २०७८ असार मसान्तसम्मको भौतिक प्रगति १३ प्रतिशत रहेको छ । १५१.१८ कि.मी. नहरमध्ये २०७८ असार मसान्तसम्म १२.६ कि.मी. मुल नहर निर्माण भईसकेको तथा ७७ वटा शाखा नहर संरचनाहरु निर्माण भएका छन ।

#### (ग) पश्चिम सेती जलविद्युत आयोजना

आ.व. २०७६/७७ को संघीय बजेटमा डोटी, डडेलधुरा, बैतडी र बझाङ जिल्लामा रहेको पश्चिम सेती आयोजनाको ढाँचा यकिन गरी निर्माण कार्य अगाडि बढाउने उल्लेख भएको छ। ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको उक्त आयोजना सम्पन्न भएमा समग्र सुदूरपश्चिम प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण सघाउ पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

### ५.१.२ प्रदेश गौरबका आयोजनाहरु:

सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाको रुपमा ९ वटै जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी **प्रदेश गौरवका सडक** आयोजनाको रुपमा निर्माण कार्य शुरु गरेको छ । यसबाट यस प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई आर्थिक विकासमा पछाडी परेका जिल्ला तथा क्षेत्रहरुमा निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

### ५.१.३ अन्य आयोजनाहरु:

#### (क) गेटा मेडिकल कलेज

५१ दशमलव ८ हेक्टर क्षेत्रमा फैलिएको झण्डै ८ अर्व बराबरको लागतमा निर्माण भइरहेको **गेटा मेडिकल कलेज** लगायतका पूर्वाधारहरु निर्माणको अन्तिम चरणमा रहेकोले स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्नमा महत्वपूर्ण भूमिका खेल्नुका साथै यस प्रदेशका जनताले सर्वसुलभ, सस्तो तथा गुणस्तरीय स्वास्थ्य सेवा पाउँदा भारतमा उपचारको प्रयोजनार्थ बाहिरिने ठूलो धनराशी समेत जोगाउन सहयोग पुग्ने देखिन्छ। साथै, उक्त कलेज सञ्चालनमा आउँदा धनगढी, गोदावारी आसपास क्षेत्रमा आर्थिक गतिविधि समेत बढ्ने देखिन्छ ।

#### (ख) मोहना अत्तरिया ६ लेन सडक

कैलाली जिल्लाको त्रिनगर भन्सारस्थित मोहना पुलदेखि अत्तरिया चोकसम्मको १४ दशमलव २ किलोमिटर लामो ६ लेन सडक आयोजना निर्माणको अन्तिम चरणमा रहेकोले निर्माण पश्चात भारतसँगको आयात निर्यात व्यापारमा सहजता पुग्नुका साथै उक्त क्षेत्रमा हुने सवारी जाम कम हुन गई आवतजावतमा समेत सहजता पुग्ने देखिन्छ ।

#### (ग) कञ्चनपुरको दोधारा-चाँदनीमा सुख्खा बन्दरगाह

कञ्चनपुरको दोधारा-चाँदनीमा सुख्खा बन्दरगाह निर्माणका लागि प्रक्रिया सुरु भएको छ । यस परियोजनाले भारतसँग हुने व्यापारलाई सहजीकरण गर्नुका साथै तेस्रो मलुकुसँगको व्यापारको ढोका खोल्नका लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । साथै, यसबाट राजश्व संकलनमा समेत वृद्धि हुन गई समग्र सुदूरपश्चिमको समृद्धिमा सघाउ पुऱ्याउने देखिन्छ ।

#### (घ) महाकाली नदीमा निर्माणाधीन पक्की पुल

महाकाली नदीमा निर्माणाधीन ८०० मिटर लम्बाई भएको ४ लेनको पक्की पुलको निर्माण पश्चात भारतसँगको व्यापार सहज हुने देखिन्छ । यसका साथै, दोधारा-चाँदनी क्षेत्रका नागरिकहरुलाई आफ्नै भूमि प्रयोग गरेर आवतजावत गर्न सजिलो हुने तथा कृषि क्षेत्रमा प्रचुर सम्भावना रहेको उक्त क्षेत्रमा तरकारी लगायतका अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहयोग पुग्ने देखिन्छ। उक्त पुल निर्माण पश्चात भारतीय पर्यटकहरुको समेत आवागमन बढ्न गई यस प्रदेशको पर्यटन व्यवसाय फस्टाउन सक्ने सम्भावना रहेको छ। यस क्षेत्रबाट भारतको राजधानी दिल्ली लगायत अन्य औद्योगिक क्षेत्रहरु समेत नजिकको दुरीमा रहेकाले औद्योगिक कच्चा पदार्थ, मेशिनरी, पार्टपुर्जा लगायतका सामग्रीहरु सहज रुपमा आयात गर्न सकिने अवस्थाले अन्य क्षेत्रभन्दा उत्पादन लागत कम हुन गई तुलनात्मक लाभ समेत लिन सकिन्छ ।

#### (ङ) धनगढी विमानस्थलको स्तरोन्नती

यस विमानस्थललाई स्तरोन्नति गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेकोले नेपालका विभिन्न प्रादेशिक शहर तथा पर्यटकीय गन्तब्यहरु हवाई मार्गबाट जोडिनुका साथै भारतको दिल्ली, लखनउ लगायतका सहरहरुबाट यस प्रदेश हुदै पोखरा, लुम्बिनी जस्ता पर्यटकीय स्थलहरुको भ्रमण गर्न सहज भई भारतीय पर्यटकहरुको आवागमन बढ्न सक्ने

देखिन्छ। यसबाट यस क्षेत्रका होटल तथा अन्य पर्यटकीय व्यवसायहरु फस्टाउनुका साथै रोजगारीमा समेत बृद्धि हुने र पर्यटन व्यवसायमा थप लगानी आकर्षित हुने देखिन्छ।

यसका साथै यस प्रदेशका पहाडी जिल्लाहरु बझाङ, बाजुरा, डोटी, अछाम र बैतडी जिल्लाहरुमा रहेका आन्तरिक विमानस्थलहरुको स्तरोन्नति भई हवाई सेवा सुचारु भएको छ।

### ५.१.४ विद्युत पहुँच

२०७७ फागुन सम्ममा विद्युत पहुँच पुगेको जनसंख्या राष्ट्रियरुपमा ९३.०० प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ६४.६९ प्रतिशत रहेको छ । त्यसैगरी सोही अवधिसम्म कुल विद्युत उत्पादन १३८६.१० मेगावाट रहेको छ भने सुदूरपश्चिममा ५२ मेगावाट विद्युत उत्पादन भएको छ । *(स्रोत: आर्थिक सर्वेक्षण २०७७‍ ७८)*

### ५.१.५ सडक

आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा राष्ट्रिय स्तरमा ६३ हजार ५ सय ७७ किलोमिटर सडक निर्माण भएकोमा सो मध्ये कच्ची, ग्राभेल र कालोपत्रे सडक क्रमशः ४५ हजार ९ सय ६, १३ हजार ३ सय ९७ र ४ हजार २ सय ७४ किलोमिटर रहेको छ। सोही अवधिसम्ममा सुदूरपश्चिम प्रदेशमा ५ हजार ३ सय २६ किलोमिटर सडक निर्माण भएकोमा कच्ची, ग्राभेल र कालोपत्रे सडकको अंश क्रमशः ३ हजार ९ सय ५४, १ हजार १ सय ५८ र २ सय १४ किलोमिटर रहेको छ। *(स्रोत: आर्थिक सर्वेक्षण २०७७‍ ७८)*

## ५.२ वैदेशिक रोजगारी

आ.व.२०७७/७८ मा यस प्रदेशबाट १५०० पुरुष र ७९ महिला गरी जम्मा १५७९ जनाले (वार्षिक श्रम स्वीकृति विवरण, २०७७-७८, वैदेशिक रोजगार विभाग) वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिएको देखिन्छ, जुन देशभरिबाट श्रम स्वीकृति लिने संख्याको करिब २.२० प्रतिशत हुन आँउछ । पर्याप्त मात्रामा तालिमको व्यवस्था नहुँदा अदक्ष कामदारको जनसंख्या बढी रहेका कारण यस प्रदेशको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य भारत रहँदै आएको छ।

## ५.३ आन्तरिक रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम बाट २०७८ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा ३८ हजार २ सय २३ जना लाभान्वित भएका छन। रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी बैतडी जिल्लामा ६ हजार ४ सय ९१ जना लाभान्वित भएका छन् भने सबैभन्दा कम अछाम जिल्लामा १,५६२ जना लाभान्वित भएका छन्।


**तालिका ५.१ रोजगारीको स्थिति**

| जिल्ला | सूचिकृत बेरोजगार व्यात्तिको संख्या | घरधुरी संख्या | कूल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना संख्या | रोजगारीमा खटिएकाको संख्या |
|---|---|---|---|---|---|
| बाजुरा | १९,१३४ | १३,०७३ | ४२०,३०८ | २२३ | ४,६२४ |
| बझाङ्ग | १३,५४५ | ७,९४६ | २६५,३१० | २५३ | २,७५३ |
| दार्चुला | १३,५४२ | ६,०७९ | २९७,३४० | २८५ | ३,९९३ |
| बैतडी | २०,५८४ | १२,५४५ | ४२७,२६५ | ४०५ | ६,४९१ |
| डडेल्धुरा | २१,४८४ | १०,९४१ | ३८२,५७४ | ४५० | ५,०१४ |
| डोटी | १०,२८९ | ४,२२४ | २२१,५५९ | २१७ | ३,४०३ |
| अछाम | १६,८१८ | १२,१२५ | ३८५,३५६ | २५६ | ४,२९७ |
| कैलाली | २८,५३९ | १५,६५१ | ४०४,७४२ | ३७३ | ६,०८६ |
| कञ्चनपुर | ११,०५४ | ४,९९८ | ८०,९९८ | ११८ | १,५६२ |
| **जम्मा** | **१५४,९८९** | **८७,५८२** | **२,८८५,४५२** | **२,५८०** | **३८,२२३** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

## ५.४ प्रत्यक्ष वैदेशिक लगानी

आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्ममा सुदूरपश्चिम प्रदेशमा वैदेशिक लगानी रु.२ अर्व ४९ करोड ६० लाख रहेको छ । प्रस्ताव गरिएका ६२ वटा परियोजनाको जम्मा लागत रु.४ अर्व ८० करोड रहेको छ जसमा प्रस्तावित वैदेशिक लगानीको अंश ५२ प्रतिशत रहेको छ ।




स्रोतः (Industrial Statistics 2076-77, उद्योग विभाग)

जिल्लागत रुपमा कञ्चनपुरमा सबैभन्दा बढी २३, कैलालीमा १९, बैतडीमा ८, अछाममा ४, दार्चुला र डडेल्धुरामा ३/३ र डोटी र बझाङमा १/१ परियोजनामा वैदेशिक लगानी प्रस्ताव गरिएको छ। परियोजना लागतका हिसावले कैलालीमा सबैभन्दा बढी रु. २ अर्व ९८ करोड र सबैभन्दा कम डोटीमा रु. १ करोड वैदेशिक लगानी रहेको छ ।

## ५.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

- भौगोलिक रुपमा विकट पहाडी तथा हिमाली जिल्लाहरुमा दिगो पूर्वाधार निर्माण गर्ने ।
- रणनीतिक महत्वका आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय एवम् राजनैतिक सहमति जुटाएर कार्य अघि बढाउने ।
- ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधन जुटाउने ।
- भौतिक पूर्वाधार विकास निर्माण गर्दा वातावरणीय पक्षलाई नकारात्मक असर नपर्ने गरी सम्पादन गर्ने ।
- वार्षिक रुपमा रोजगारीको खोजीमा भारत तथा तेस्रो मुलुक जाने जनशक्तिलाई पूर्वाधार क्षेत्रमा आकर्षित गर्नु।
- समयमै पूर्वाधार निर्माण सम्पन्न हुन नसक्ने कारणहरुको पहिचान तथा निराकरण गरी निर्धारित समयमै पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने ।

## सम्भावनाहरु

- पश्चिम सेती, कर्णाली, बुढीगंगा, चमेलिया महाकाली जस्ता ठूला नदीहरु यस प्रदेशमा रहेकाले जलविद्युत उत्पादनका साथै सिंचाई सुविधामा विस्तार गर्न सकिने । साथै, जल पर्यटनका पूर्वाधार विकास गरी प्रवर्द्धन गर्न सकिने ।
- उत्तर दक्षिण करिडोरका रुपमा रहेका महाकाली लोकमार्ग, सेती लोकमार्ग, खुटिया-दिपायल-चैनपुर-उरै लोकमार्गको निर्माण पश्चात सहज यातायात सम्पर्कका कारण व्यवसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने । साथै, सहजपुर-बोगटान-दिपायल सडकको ट्याक खोल्ने काम सकिएको तथा महाकाली करिडोरको रुपमा रहेको ब्रह्मदेव-तिंकर सडकको समेत ट्याक खोल्ने काम भईरहेकोले यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई यातायातको सुविधामा पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको ।
- प्रदेश सरकारले प्रत्येक जिल्लामा एउटा पर्ने गरी ९ वटा महत्वपूर्ण सडक योजनालाई प्रदेश गौरबका आयोजनाका रुपमा छनौट गरी निर्माण कार्य अगाडि बढाएका कारण ग्रामीण तथा पहाडी भेगमा सडक पूर्वाधारमा सुधार हुने देखिएको ।
- योजना तथा कार्यक्रमहरुको स्थानीय तवरबाटै प्रभावकारी रुपमा निरीक्षण तथा अनुगमन हुन सकेमा तोकिएकै समयमा गुणस्तरीय पूर्वाधार निर्माण गर्न सकिने ।
- उपलब्ध भौतिक पूर्वाधारहरूलाई उपयोग गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने ।

# परिच्छेद ६

# आर्थिक परिदृष्य

## ६.१ कृषि उत्पादन

धानको रोपाई समयमै सम्पन्न भएको, कृषकहरुले उन्नत जातको बीउको प्रयोग गरेका कारण धानको उत्पादनमा १० प्रतिशत जति वृद्धि हुने र आउँदो हिउँदमा गहुँको उत्पादनमा ५ प्रतिशतले वृद्धि हुने सरोकारवालाहरुको अनुमान रहेको छ ।

२०७८/७९ को मौद्रिक नीतिमा कृषि क्षेत्रमा १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको, विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक विकास कार्यक्रम सञ्चालनमा आएको, उन्नत तथा हाईब्रिड जातको तरकारीको बिउ बिजनको प्रयोग बढेको, आधुनिक प्रविधिको प्रयोग र सिँचाई सुविधामा वृद्धि हुनुका साथै विभिन्न जिल्लाहरुमा मुख्यमन्त्री नमूना गाँउ कार्यक्रम जस्ता कार्यक्रम लागु भएको कारण तरकारीको उत्पादनमा समेत १० प्रतिशत जति वृद्धि हुने अनुमान छ ।

पहाडी जिल्लाहरुमा स्याउ जोन, मुख्यमन्त्री नमुना फलफूल गाउँ जस्ता कार्यक्रमहरु लागु भएको कारण फलफूलको समग्र उत्पादन वृद्धि हुनसक्ने विज्ञहरुको अनुमान रहेको छ ।

## ६.२ औद्योगिक उत्पादन

कोभिड-१९ का कारण संकटमा परेका उद्योगहरुको पुनरोत्थानका लागि सरकारले बजेट मार्फत र नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत पुनरकर्जा तथा विभिन्न सहुलियतहरुको व्यवस्था गरेका कारण औद्योगिक क्षेत्र चलायमान हुनुका साथै कोभिड महामारीको असरलाई न्यूनिकरण गर्न सरकारले खोप कार्यक्रमलाई तीव्रता दिएकोले कोभिडको असर कम हुँदै जाने र कच्चा पदार्थ तथा कामदारको समेत सहज उपलब्धता हुनसक्ने भएका कारण उद्योगहरुको क्षमता उपयोगमा सुधार भई औद्योगिक उत्पादन बढ्ने अनुमान उद्योगी तथा व्यवसायीहरुको रहेको छ ।

## ६.३ सेवा क्षेत्र

कोभिड महामारीले गर्दा ठप्प रहेको यातायात व्यवसाय विस्तारै सहज हुँदै गएको तथा महामारीको असर कम हुँदै जाँदा सेवा क्षेत्र थप चलायमान हुने देखिन्छ । जसले गर्दा आन्तरिक पर्यटकहरु विभिन्न पर्यटकीय स्थलहरुमा घुम्न जाने क्रम बढ्न सक्ने भएकोले होटल तथा पर्यटन व्यवसायमा लगानी वृद्धि हुने तथा रोजगारी गुमाएकाहरुले रोजगारीको अवसर समेत पाउन सक्ने देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बढ्दै जानुका साथै वित्तीय साक्षरताका कार्यक्रमहरु बढ्दै गएकाले वित्तीय सेवाको पहुँच बढ्दै जाने देखिन्छ भने दुरसञ्चार कम्पनीहरुले प्रदान गर्ने सेवा समेत थप प्रभावकारी हुँदै जाने देखिन्छ । स्वास्थ्य तथा शिक्षा क्षेत्रका थप पूर्वाधार तयार हुने क्रममा रहेकोले स्वास्थ्य तथा शिक्षाको गुणस्तरमा समेत वृद्धि हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

## ६.४ पूर्वाधार क्षेत्र

यस प्रदेशमा राष्ट्रिय गौरवका आयोजनाका रुपमा रहेका २ वटा सिँचाई आयोजनाहरुको निर्माण कार्य भईरहेको, गेटा मेडिकल कलेज र मोहना पुलदेखि अत्तरिया चोकसम्मको ६ लेन सडकको निर्माण कार्य अन्तिम चरणमा रहेको, महाकाली नदीमा ४ लेनको पक्की पुल, कञ्चनपुरमा सुख्खा बन्दरगाह, कञ्चनपुरको दैजीमा औद्योगिक क्षेत्र लगायतका लागि पूर्वाधारहरु निर्माण कार्यले गति पाएका कारण वैदेशिक व्यापार, पर्यटन, सिँचाई, स्वास्थ्य पूर्वाधार लगायतमा उल्लेख्य सुधार भई यस क्षेत्रको आर्थिक गतिविधिमा बढोत्तरी हुने देखिन्छ । निर्माण सामग्रीहरुको सहज आपूर्ति तथा कोभिड महामारीको जोखिम समेत न्यून हुँदै जाने सम्भावना देखिएकाले कामदारहरु काममा फर्किन सक्ने हुनाले पूर्वाधार निर्माणको कार्यले थप गति लिन सक्ने देखिन्छ ।